# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः ७ मितिः २०७८।०६।०७


**भाग - २**

शिवराज नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## शिवराज नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले यो **शिवराज नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि,२०७८** जारी गरेको छ ।

# शिवराज नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि,२०७८

बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० को उपदफा (३) र लुम्विनी प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धि ऐन, २०७७ को दफा ४४ बमोजिम बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि कार्यविधि निर्माण गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी शिवराज नगरपालिका नगरकार्यपालिकाले **शिवराज नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धि कार्यविधि,२०७८** बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम **"शिवराज नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि २०७८** रहेको छ।

२) यो कार्यविधि स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**१.२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "प्रदेश मन्त्रालय" भन्नाले लुम्विनी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "प्रदेश समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन , २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले शिवराज नगरपालिका सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले शिवराज नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उप प्रमुख" भन्नाले शिवराज नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "वडा अध्यक्ष" भन्नाले शिवराज नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनु पर्दछ ।

(ञ) "समिति" भन्नाले बालबालिका सम्बन्धी ऐन , २०७५ को दफा ६० को दफा (२) तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिममको स्थानीय बाल अधिकार समिति सम्झनु पर्दछ ।

(ट) "स्थानीय बाल अधिकार समिति " भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनु पर्दछ ।

(ठ) "बाल संरक्षण कोष " भन्नाले शिवराज नगरपालिकाले बालबालिकाको विकास , तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

(ड) "साझेदार संस्था " भन्नाले बालबालिकाको सर्बोत्तम हित संरक्षण र पुर्नस्थापनाका लागि संघ संस्था दर्ता ऐन बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्दछ ।

(ढ) "अनुगमन" भन्नाले शिवराज नगरपालिकाबाट बालगृह , बाल श्रम तथा शोषण हुन सक्ने स्थान तथा साझेदार संस्थाहरुमा गरेको अनुगमन सम्झनु पर्दछ र अनुगमन जुनसुकै समयमा पनि गर्न सकिनेछ।

(ण) बालबालिकाको "संरक्षक" भन्नाले यस कार्यविधि अनुसार तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(त) "बाल गृह " भन्नाले शिवराज नगरपालिकाद्धारा निरन्तर सहयोग गर्दै आएको तौलिहवा स्थीत बाल गृहलाई सम्झनु पर्दछ ।

(थ) "अल्पकालिन आश्रय स्थल " भन्नाले शिवराज नगरपालिकाबाट सञ्चालित वा नगरपालिकाबाट स्वीकृत प्राप्त संस्थाद्धारा सञ्चालित अल्पकालिन आश्रय स्थलाई सम्झनु पर्दछ ।

**१.३ उदेश्य :**

(क) बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) बालबालिकाहरुको उच्चतम हितलाई ध्यान दिई नगरपालिकालाई बालमैत्री नगर निर्माणमा सहयोग पूर्याचउने ।

## परिच्छेद-२

**२ बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापना** : विशेष संरक्षणका आवश्यकता भएका बालबालिका भन्नाले देहाय बमोजिम सम्झनु पर्दछ;

(क) बालबालिका सम्बन्धी ऐन, २०७५ मा परिभाषित भएका अनाथ बालबालिका

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका आमा बाबुबाट अलग्गिएका वा आमाबाबु पत्ता नलागि बेवारिसे भएका बालबालिका

(ग) आमा बाबुलाई गम्भिर शारिरीक वा मानसिक रोग लागेका , शारीरिक वा मानसिक अपाङ्गता भएको कारण उचित हेरचाह नपाएका बालबालिका

(घ) कानूनी विवादमा परेका बालबालिका मध्ये दिशान्तर प्रक्रिया (बालबालिका सम्बन्धी ऐनको दफा २९ ) बमोजिम बैक्लिपक हेरचाहाका लागि सिफारिस भएका बालबालिका

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएका शिशुलाई आफुले पालनपोषण गर्न नसक्ने भनि बालकल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका

(छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार हिंसा वा वेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरित श्रममा संलग्न भई जीवनयापन गरिरहेका , धुम्रपान, मध्यपान, एवम अन्य लागू औषधको कूलतमा फसेका एच.आई.भि सङ्क्रमित बालबालिका

(झ) गम्भीर शारीरिक, मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही आमाबाबु वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका र

(ञ) विपद् वा सशस्त्र द्धन्दका कारणले बाबु आमा दुवै वा आमाबाबु मध्ये एक गुमाएका वेपत्ता भएका वा आफू शारीरिक वा मानसिक रुपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका।

## परिच्छेद-३

### ३.१ नगर बाल अधिकार समितिको गठन :

(१) बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संवर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछ:-

(क) नगर उप प्रमुख अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) सामाजिक विकास समिति संयोजक सदस्य

(घ) शिक्षा शाखा प्रमुख सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख सदस्य

(च) प्रशासन शाखा प्रमुख सदस्य

(छ) योजना शाखा प्रमुख सदस्य

(ज) पूर्वधार शाखा प्रमुख सदस्य

(झ) राज्श्व शाखा प्रमुख सदस्य

(ञ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ट) कृषि विकास शाखा प्रमुख सदस्य

(ठ) पशु विकास शाखा प्रमुख सदस्य

(ड) रोजगार शाखा प्रमुख सदस्य

(ढ) कार्यपालिका महिला सदस्य सदस्य

(ण) इलाका प्रशासन अधिकृत वा प्रतिनिधि सदस्य

(त) वडा प्रहरी प्रमुख सदस्य

(थ) शिक्षक प्रतिनिधि सदस्य

(द) नगर स्तरीय बाल समूह/बाल सञ्जाल अध्यक्ष सहित २ जना (बालक र बालिका) सदस्य

(ध) उद्योग वाणिज्य संघका महिला प्रतिनिधि सदस्य

(न) व्यापार संघका महिला प्रतिनिधि सदस्य

(ऩ) बाल अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स. संस्था प्रतिनिधि सदस्य

(प) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका एक जना महिला सहित २ जना सदस्य

(फ) बाल मनोविज्ञ सदस्य

(ब) स्थानीय सञ्चार कर्मी मध्येबाट अध्यक्षले मनोनयन गरेको सदस्य

(भ) महिला शाखा प्रमुख सदस्य

(म) नगरपालिकाको चिकित्सक सदस्य

(य) बाल कल्याण अधिकारी सदस्य सचिव

३.२ **मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ खण्ड ३ .१** बमोजिम सदस्यमा मनोनयन हुनको लागि भष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथार ओसार पसार , लागू औषध विक्री वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धिकरण राहादानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर, संगठित अपराध बालबालिका विरुद्धको कसूर , बाल अधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको व्यक्ती हुनु पर्नेछ :-

**३.३ नगर बाल अधिकार समितिको काम कर्तव्य र अधिकार :**

(१) दफा ३ बमोजिम गठन हुने नगर बाल अधिकार समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान संरक्षण प्रवर्धन र परिपूर्तिकोलागि आवश्यक स्थानीय नीति कानून योजना कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन मूल्याङ्कान तथा समिक्षा गरि सुझाव दिने,

(घ) बाल अधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार प्रदेश सरकार अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय क्षेत्रिय सन्धिसँग सम्बन्धित स्थानीय तह स्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजिकरण गर्ने,

(च) नगरपालिका भित्र हुने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक यातना तथा बाल यौन दुर्व्यबहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा अभिभावक विहिन टुहुरा बालबालिका र सडक बालबालिकाको उद्धार , पुनः स्थापना संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन सेवा अभिवृद्धि जस्ता कार्यमा समन्वय सहयोग र सहजीकरण गर्ने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिबृद्धि गर्ने गराउने

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी संघिय मन्त्रालय, प्रदेश मन्त्रालय ,राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन अभिलेखिकरण तथा सूचना प्रपणालीको विकास सञ्चालन व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि संचालन हुने राष्ट्रिय/प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तीलाई नगरपालिकामा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजिकरण गर्ने,

(ठ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(ड) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह बाल सुधार गृह अस्थायि संरक्षण सेवा केन्द्र पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि आवश्यक निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझाव सहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था लगायतका निकायहरुको सूचिकृत गर्ने, सेवा मापन गर्ने र आवश्यक समन्वय र सहकार्य गरी बाल अधिकारको सवंर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने,

(ण) बालबालिकाको संरक्षणको निमित्त आकास्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक, मानवीय) व्यवस्था मिलाउने,

(त) घटना व्यवस्थापन प्रक्रियालाई अबलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने,

(थ) स्थानीय घटना बाल संरक्षण सम्बन्धि कार्य तथा सेवा प्रवाहा गर्नका लागि आवश्यक पर्ने समाज सेवी तथा बाल मनोविज्ञ व्यवस्था गर्न सक्नेछ,

(द) बाल मनोविज्ञ तथा समाज सेवीको छनौट प्रक्रिया योग्यता काम कर्तव्य र अधिकार तथा सेवाका सर्तहरु लगायत अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ,

(ध) नगरपालिका वा नगरपालिकाले प्रयोग गर्ने अन्य बाल गृह , बाल सुधार गृह , अस्थायी संरक्षण सेवा केन्द्र र पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिती र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारीताका सम्बन्धमा देहायको

बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउने जुन निम्नानुसारका छन:

(१) बालबालिकाको व्यक्तिगत विवरण अद्यावधिक गरी राखेको छ वा छैन

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ कि छैन

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकुद मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन

(४) बालबालिकालाई ऐन प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र , पुनर्स्थापना केन्द्र तथा सामाजिकरण केन्द्रमा कुनै अवाञ्छित कार्य भए गरेको छ वा छैन

(६) उप खण्ड ५ मा उल्लिखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ कि छैन

(७) बाल गृहमा आश्रित बालबालिकाको बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारीबाट व्यवस्था मिलाई राखखिएको छ वा छैन

(८) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन प्रचलित कानून वा मापदण्ड बमोजिम पालना गर्नु पर्ने कुराहरु पालना गरेको छ वा छैन

(९) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरि बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन

(१०) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

**३.३.१** नगर बाल अधिकार समितिले उपदफा १ बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केहि अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३.४. वडा बाल अधिकार समितिको गठन :** नगरपालिकामा प्रत्येक वडा भित्र देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ ।

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - अध्यक्ष

(२) वडा महिला सदस्य - सदस्य

(३) वडा भित्रको स्वास्थ्य संस्था प्रमुख/ प्रतिनिधि - सदस्य

(४) वडा भित्रका सामुदायिक विद्यालयहरु वा संस्थागत विद्यालयहरु मध्येबाट वडा अध्यक्षले तोकेको एक जना प्र.अ.  - सदस्य

(५) बालबालिकाको क्षेत्रमा क्रियाशिल वडा भित्रका गै.स.स.बाट अध्यक्षले तोकेको प्रतिनिधि १ जना  - सदस्य

(६) महिला संस्था/वडा महिला सञ्जाल्/वडा आमा समूह १ जना - सदस्य

(७) वडा स्तरीय बाल क्लब/बाला समूहका अध्यक्ष वा प्रतिनिधि १ जना - सदस्य

(८) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएको वडा अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य

(९) वडा सचिव  - सदस्य सचिव

**३.५ वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकार**

(१) बाल अधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान तर्जुमा गर्ने र कार्यक्रम कार्यन्वयन गर्ने गराउने ।

(२) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने अद्यावधिक गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने।

(३) वडा भित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ संस्था बालक्लब लगायतका सरोकारवाला विच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धि संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्ने गराउने।

(४) बाल अधिकारको क्षेत्रमा स्थानीय संघ संस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने।

(५) जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्बन्धित निकायसँग समन्वय गर्ने।

(६) वडा भित्र बाल अधिकार हनन् भएका घटनाका सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयकारी भूमिका निर्वाह गर्ने।

(७) आवश्यकता अनुसार बालबालिकाहरुको निमित्त आकस्मिक सहयोगको व्यवस्था मिलाउने।

(८) बाल अधिकारको सम्मान संरक्षण र प्रवर्द्धका लागि वकालत गर्ने र वडा समितिलाई बाल अधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने।

(९) वडा भित्र बालबालिकाका सम्बन्धमा भए गरेका कार्यक्रमहरुको अनुगमन गर्ने प्रतिवेदन तयार गर्ने र नगर बाल अधिकार समिति समक्ष पठाउने।

(१०) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने।

३.६ नगर/वडा बाल अधिकार समितिको बैठक सम्बन्धि कार्यविधि तथा वडा बाल अधिकार समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ।

(१) समितिको बैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति समय र स्थानमा बसनेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना र सोही बैठकमा छलफल हूने विषयहरुको सूची सहित तीन दिन अगाडी समितिका सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएका समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिने छ।

(८) समितिको बैठक तथा सञ्चालनहरु नगरपालिकाको नियमानुसार हुनेछ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(१०) समितिको बैठकमा आवश्यकतानुसार विषयसँग सम्बन्धित व्यक्तीहरुलाई आमन्त्रण गर्न सकिनेछ।

**३.७ उपसमिति वा कार्य टोली गठन गर्न सक्ने** : स्थानीय समितिले आफूले गर्नुपर्ने काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ बाल मनोविज्ञ समाज सेवी सामाजिक कार्यकर्ता शिक्षक चिकित्सक बाल क्लबका प्रतिनिधि सामाजिक परिचालक तथा बाल अधिकार कर्मीहरु मध्ये आवश्यक्तानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ।२ उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको कनम कर्तव्य र अधिकार कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अनेय कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ।

**३.८ बाल कल्याण अधिकारीको व्यवस्था** : स्थानिय बाल कल्याण अधिकारीको व्यवस्था बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६१ मा उल्लेख भए बमोजिम रहने छ।

**३.९ स्थानीय बाल कल्याण अधिकारीको काम कर्तव्य र अधिकार** : बालबालिका सम्बन्धि ऐनको दफा ६१ बमोजिम बालबालिकाको अधिकारको सम्मान संरक्षण , तथा सम्बोधन गर्न तथा बाल संरक्षण कार्य सभेत गर्नका लागि देहाय बमोजिमका कार्य सम्पन्न गर्नु पर्नेछ :

(क) कुनै पनि बालबालिका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्रप्त भएमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुर्नस्थापनाको कार्य गर्ने। घटना व्यवस्थापन प्रक्रियलाई अवलम्वन गर्दै बालबालिकाको संरक्षकत्व प्रदान गर्ने र सो विवरण स्थानीय बाल कल्याण समितिमा पेश गर्ने,

(ख) कुनै बेवारिसे बालबालिका फेला परेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालबालिकाको यथासम्भव तीनपुस्ते नाम थर ठेगाना शरीरमा रहेको कुनै विशेष चिन्ह सहितको विवरण र औठाको छाप समेत आफ्नो कार्यालयमा राखि नजिकको अन्य व्यक्ति वा संस्थालाई जिम्मा लगाउने,

(ग) बेवारिसे बालबालिकाको बाबु आमा नातेदार वा संरक्षक पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारीले हुलिया तथा फोटो सहितको सूचना कुनै पत्र पत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यामबाट प्रशारण गराउन सक्नेछन्,

(घ) अध्यक्षको निर्देशनमा बैठक सञ्चालन गर्ने ,

(ङ) स्थानीय बाल कल्याण समिति वडा स्तरीय समिति र सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(च) बालबालिकाको विशेष हेरचाह र संरक्षणको क्षेत्रमा काम गर्ने निकाय तथा संघ संस्थाहरुको सेवाहरु मापन गर्न,

(छ) बाल कोषको आवश्यकतानुसार सञ्चालन एवम परिचालन गर्ने ,

(ज) विशेष हेरचाह र संरक्षण आवश्यक भएका बालबालिकाहरुको संरक्षकत्व तोक्ने ,

(झ) समितिले गरेको कार्यको नियमित प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने/गराउने,

(ञ) बालबालिकाको अभिलेख व्यवस्थित गर्ने/गराउने।

## परिच्छेद-४

४.१ **संरक्षकको व्यवस्था/अस्थायी संरक्षण सेवा/विविध** : वैकल्पिक हेरचाहा र संरक्षणमा रहेका बालबालिकाको पारिवारिक पुनर्स्थापन गर्दा/गराउदाका बखत संरक्षकत्व लिने व्यक्ति वा संस्थाको योग्यता देहाय बमोजिम भएको हुनुपर्नेछ:

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदार

(ख) बालबालिकालाई हेरचाह गर्न ईच्छुक परिवार/व्यक्ति र

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था ।

४.२ **अस्थायी संरक्षण सेवा** : तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखिएका बालबालिकालाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन अस्थायी संरक्षण सेवा प्रदान गर्न स्थानीय संघ सघस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

४.३ **विविध** : स्थानीय बाल अधिकार समितिलाई अंग्रजीमा **Local Child Rights Committee** भनिनेछ ।

**आज्ञाले,**
**गणेश प्रसाद अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**